# संसदीय मूल्य, मान्यताको कसीमा संघीय संसद र सरकार



मुकुन्द शर्मा[*]

संसदबाट नै राज्य सञ्चालनको लागि आवश्यक पर्ने नीति र विधि निर्माण हुन्छ । सरकारको सिर्जना तथा अन्त्य गर्ने सामर्थ्य पनि संसदसँग हुन्छ । सरकारी संयन्त्रको अनुगमन र मूल्याङ्कन गर्दै सरकारलाई सही मार्गनिर्देशसहित आमजनताको चाहनाअनुरूप भूमिका निर्वाह गर्ने जनप्रतिनिधिमूलक सार्वभौमसत्ता सम्पन्न सर्वोच्च विधायिकी अङ्ग संघीय संसद हो ।

संसद र मातहत समितिहरू, जसलाई मिनी पार्लियामेन्ट, संसदीय कार्यशाला, संसदको शीतल कोठाको रूपमा स्वीकार गरिएको छ । त्यस्तो निकायबाट वर्तमान महामारीको अवस्थामा जनअपेक्षित रूपमा सरकारलाई मार्गनिर्देश हुन नसक्नुले संसदको शाख अभिवृद्धिमा चुनौती देखिएको छ । आम नागरिकमा संसदप्रति कमै उत्साह देखिएको महशुस हुन पुगेको देखिन्छ ।

व्यवस्थागत संरचनाहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकासहित नेपालको सिङ्गो कर्मचारी प्रशासन विगतमा प्रभावी र गुणस्तरयुक्त भएको र अहिले सुशासनको अभाव महशुस भएको भन्ने मिडिया र नागरिकको सङ्ख्यामा वृद्धि भएको देखिन्छ । नीति निर्माताको दूरदृष्टि र निर्णयविनाको नीति कार्यान्वयनले सुशासन प्रभावकारी हुन सक्दैन । तसर्थ संसद एवं समितिहरूले सुशासनप्रतिको प्रतिबद्धतासहित देखिएका विकृति र विसङ्गतिको अन्त्यका लागि तत्परता देखाउन आवश्यक छ ।

हामी सबैले आफ्नो कर्तव्य, नैतिकता र सदाचारभित्र क्रियाशील रहनु पर्ने हुन्छ । अन्यथा समाजले हामीलाई सकारात्मक रूपमा भन्दा नकारात्मक रूपमा बढी चित्रण गर्ने अवस्था नआउंला भन्न सकिँदैन । भनिन्छ ऋण लाग्दा डराउनु पर्दैन, स्वास्थ्य खराव हुँदा केही हदसम्म डराउनु पर्दछ तर आचरणमा दाग लाग्यो भने जिन्दगीभर पछुताउन पर्ने हुन्छ । त्यसैले हामी सबैले आफ्नो आचरणलाई सही, सदैव सबैको प्रेरणादायी र मार्गनिर्देश हुन सक्ने तुल्याउन सक्नु पर्दछ । यसमा नै राष्ट्र, समाज र आफू स्वयं समेतको उन्नति र प्रगतिमा सकारात्मक योगदान पुग्न सक्दछ । त्यसैले हरेक तप्कामा कार्यरत व्यक्तित्वहरूको सन्दर्भमा के गर्न हुने, के गर्न नहुने भन्ने लक्ष्मणरेखा कोरिएकै

---

[*] पूर्व सचिव, संघीय संसद सचिवालय

हुन्छ । यसमा पनि राष्ट्रको नेतृत्व गर्ने समाज अग्रणी समाजसेवी, उच्च तहका प्रशासक र राजनीतिज्ञहरू त झन् सबैको पथप्रदर्शक, नेतृत्वकर्ता र सकारात्मक उदारणीय व्यक्तित्वको रूपमा सुपरिचित हुन सक्नु पर्दछ । अन्यथा समाज अनि राष्ट्र नै अद्योगतिमा पुग्न कुनै लामो समय कुर्नुपर्ने अवस्था रहँदैन ।

राजनीतिक नेतृत्व मुलुकलाई मार्गदर्शन गर्ने, दूरगामी दृष्टिकोणसहित आवश्यक नीति, योजना र कार्यक्रम ल्याउने निर्णयकर्ता हो । नागरिकको अपेक्षा, आवश्यकता र संभाव्यताको लेखाजोखा गरी दिगो विकासको मार्गचित्र कोर्ने कार्य, दृढ इच्छाशक्ति भएको राजनीतिक नेतृत्वले मात्र दिन सक्दछ । सरकारको नेतृत्व गर्ने राजनीतिक दल वा सरकारलाई सफलता र असफलताको भागीदार बनाउने आधार सरकारको उपयुक्त नीति, कार्यक्रम तर्जुमा त हुँदै हो, त्योभन्दा बनाइएका नीति, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन नै मूल्याङ्कनको वस्तुनिष्ठ र महत्त्वपूर्ण कडी हो । सरकार राम्रो नराम्रो उसको काम र व्यवहारबाट छुट्टिने हो ।

सरकारका नीति र कार्यक्रमहरू व्यवहारमा कार्यान्वयन गर्ने संयन्त्र भनेको स्थायी सरकारको रूपमा चिनिने कर्मचारीतन्त्र हो । यस्तो संयन्त्रलाई सही मार्गमा डोऱ्याउन तर्जुमा गरिने विधि र नीतिमा राजनीतिक नेतृत्वको दीर्घकालीन सोच हुनु पर्दछ । विधि र नीति सबैले मान्नु पर्ने हुन्छ भने विधि र नीतिका निर्माता जनप्रतिनिधिहरूले विधि र नीति बनाउँदा समन्यायिक दृष्टिकोण राख्नु पर्दछ । विकासका सम्वाहको रूपमा उपलब्ध कोष तजविजी आधारमा खर्च गर्ने प्रबन्ध गरिनु तर निरीह, निमुखा पूर्वकर्मचारीहरूले प्राप्त गरी आएका सुविधाप्रति नकरात्मक धारणासहितको विधि निर्माणमा एकोहोरो बहस गर्नुलाई समन्यायको मर्म विपरीत देखिन्छ भने नीति निर्माणको क्रममा संसदका मेचहरूको रिक्ततासहित कोरम नपुग्ने जस्ता समस्याले संसदप्रतिको आस्था र विश्वासमा नकारात्मक प्रश्न चिह्न उब्जाउने वर्तमान अवस्थाले लोकतन्त्र र संसदीय व्यवस्थाप्रति सकारात्मक उपलब्धि प्राप्त भइरहेको छ भन्ने अवस्था देखिँदैन । त्यसैगरी संसदीय नैतिकताको लागि शिष्टता अत्यन्त महत्त्वपूर्ण आधारस्तभ भएकाले सदन वा समितिमा सम्बोधन गर्दा प्रत्यक्षभन्दा अप्रत्यक्ष संशोधन गर्दै घोचपेच नगर्ने संसदीय मर्यादामा ह्रास आउन थालेको देखिन्छ । तसर्थ यस्ता विषयमा सांसद र संसदले गहन आत्मसमीक्षा गर्नु आवश्यक हुन्छ । सरकार कार्यपालिकाको हैसियतले दैनिक क्रियाकलाप सञ्चालन गर्ने महत्त्वपूर्ण अङ्ग हो भने संसद सार्वभौम जनताका प्रतिनिधिका हैसियतले सरकारको प्रत्येक कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी सही मार्गनिर्देश गर्ने संस्था हो । तसर्थ यी दुई संस्थाका बीचमा समन्वय र सहकार्यको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सरकारले संसदलाई प्रतिद्वन्द्वीको रूपमा होइन, सहयोगीको रूपमा हेर्ने वातावरण हुनु पर्दछ भने संसदले पनि सरकारलाई अनावश्यक खिचलो गर्नेभन्दा सहयोगात्मक भूमिकाबाट प्रभावी, चुस्त र निष्पक्ष तुल्याउने कार्य गर्नु पर्दछ । तर हाम्रा कामकारवाहीलाई नियाल्ने हो भने कतिपय अवस्थामा संसदले सरकारलाई सकारात्मक रूपमा सहयोग नगर्ने र सरकारले संसदलाई प्रतिद्वन्द्वीको रूपमा हेर्ने गरेको पाइन्छ, जसले गर्दा सरकार र संसद दुवैको मर्यादा र गरिमा घटन गएको देखिन्छ । यसबाट अन्ततोगत्वा व्यवस्था, संसद र सरकारसहित आम नेपालीलाई नै हानि पुगिरहेको देखिन्छ । नैतिकता, मूल्य मान्यता र आदर्शको कुरा गर्दा अगुवा वा जेष्ठबाट सम्पादित कामकारवाहीको सिको गर्ने परिपाटी रहेको हाम्रो समाजमा केही समय अगाडि मात्र लुम्बिनी प्रदेश सभा बैठकमा भएको तोडफोडलाई विगतको सिकोको रूपमा लिँदै संसदमा हामी कस्तो संस्कार, मूल्य मान्यता र आदर्श प्रतिस्थापन गर्न गइरहेका छौं भन्ने कुरालाई उदाहरणको रूपमा लिन सक्ने अवस्था रहेको छ । सत्तापक्ष र विपक्षका बीचमा सहकार्य र सुमधुर सम्बन्ध रहनु पर्दछ । विपक्ष भनेको भविष्यको सरकारको हो भन्ने भावनालाई सरकार र विपक्षी दुवैले आत्मसात गरी सोहीअनुरूपको कामकारवाही गर्नु पर्दछ । अव्यवहारिक, औचित्यहीन, आम नागरिकको इच्छा, चाहना र संसदीय मूल्य, मान्यता र आचरण विपरीत विपक्षी हिँड्नु हुँदैन भन्ने औचित्यपूर्ण भनाइ आम नागरिकको जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा विपक्षीको कुरा सरकारले विनाहिचकिचाहट सुनी कार्यान्वयनमा लैजानु पर्दछ । त्यसो भएमा संसदीय मूल्य, मान्यता र आदर्शको बढोत्तरी हुनुका साथै सरकार र विपक्षीका बीचमा सुमधुर सम्बन्ध स्थापना हुने गर्दछ ।

संवैधानिक सर्वोच्चता भएको मुलुकमा संविधान र कानूनअनुरूप मुलुक सञ्चालन भई सुशासनयुक्त प्रशासन कायम हुनु पर्दछ । तर हाम्रो अवस्था सरकार निर्माण र विघटन गर्ने हैसियत राख्ने संस्थामा नै नियमावली प्रतिकूलका कार्यहरू जानिबुझी नै हुनुलाई असल अभ्यासको रूपमा लिन सकिन्न । सदनभित्र सभाध्यक्षको विरोधमा नारा लाग्नु, सभाध्यक्षको मन्तव्य हुँदै गर्दा रोष्ट्रममा उभिई सदनको कामकारवाहीमा सहभागी सदनकै नेताबाट सांसदसँग सवाल, जवाफ गर्नु, छलफलका क्रममा दिने अभिव्यक्ति कुन असंसदीय हो भन्ने कुराको निचोड वेगर संसदीय अभिलेखबाट त्यस्ता शब्दहरू हटाउन सचिवालयलाई निर्देश हुनु र आजसम्म पनि कुन, कुन शब्द असंसदीय हो भन्ने कुराको कानूनी व्यवस्था नहुनु, विगतमा गठन भएका कतिपय विशेष समितिले जिम्मेवारीअनुरूपको कार्य सम्पन्न नगर्दा नगर्दै पुनः विशेष समितिको गठनको माग हुनु, यस्ता विषयमा निरन्तर रूपमा संसदको बैठक अवरुद्ध गरी विषयगत समितिको कार्यक्षेत्रभित्र स्पष्ट रहेको कामलाई सम्पन्न गर्न अर्को विशेष समिति गठन गर्ने माग हुँदासमेत सम्बन्धित विषयगत समिति मौन बस्नुजस्ता क्रियाकलापले संसदको गरिमा र मर्यादा अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदैन ।

यस्तै सञ्चार माध्यममा आएका जानकारीअनुसार सदन र समितिका बैठकहरूमा राष्ट्र, राष्ट्रियता र आम नेपालीका विरुद्धमा प्रयोग हुने गरेका असंसदीय शब्दहरूलाई अभिलेखबाट हटाउन र त्यस्ता अनर्गल विचार व्यक्त गर्ने सांसदलाई कारवाही गर्ने, गराउनेतर्फ सांसद, संसदीय पदाधिकारी, सरकार वा सचिवालय कसैको पनि ध्यान पुग्न सकेको देखिँदैन । यसबाट संसदीय मर्यादा, मूल्य, मान्यता र आचरणको बढोत्तरी हुनुको वदला ह्रासोन्मुख हुँदै गइरहेको भन्नलाई असहजता मार्नुपर्ने अवस्था रहँदैन ।

संसदको मुटुको रूपमा रहेका संसदीय मूल्य र मान्यतामा परिचित समितिहरूको क्रियाकलापमा नै संसदको मर्यादा र गरिमालाई आँकलन गर्ने गरिन्छ । वर्तमान अवस्थामा हाम्रो संसदीय समितिहरूको कतिपय अवस्थाका क्रियाकलापमाथि समिक्षा गर्नुपर्ने देखिन्छ । समितिका बैठकमा सभापति र सदस्यहरूका बीचमा नै वादविवाद हुनु, मन्त्रीको उपस्थितिमा समितिको निर्णय नहुने भन्दै मन्त्रीलाई विदाइ गर्नु, विवादित विषयको छलफलमा सम्बन्धित मन्त्री र पदाधिकारीहरूको उपस्थितिबेगर पनि छलफल हुनु, सम्बन्धित मन्त्रीहरूले पनि संसद र समितिको बैठकभन्दा कम महत्त्वका कार्यलाई प्राथमिकतामा राखी बैठकमा अनुपस्थित रहनु, सरकार, सम्बन्धित निकाय र पदाधिकारीहरूबाट कतिपय अवस्थामा संसदमा सहभागी हुनुपर्दा आफ्नो ओज र मानमा ह्रास आएको ठान्दै जनप्रतिनिधिहरू र तिनका कार्यलाई नकारात्मक रूपमा चित्रण गर्नु, विधेयकहरू लामो समयसम्म समितिमा विचाराधीन अवस्थामा रहिरहनु, पर्याप्त गृहकार्य विना नै समिति निर्णयमा पुग्नु, विज्ञ विशेषज्ञसँगको राय परामर्श लिने कार्यमा सकारात्मक नदेखिनु, आमसञ्चार माध्यममा उठेका चर्चित विषयहरूलाई कार्यक्षेत्रभित्र राख्न समिति, समितिका बीचमा होडवाजी रहनु, समितिहरूका बीच सहकार्य र सामानञ्जस्यता कायम गराउन देखिएका समस्याको निराकरणका लागि नियमावलीद्वारा व्यवस्थित संयन्त्र चुस्त र प्रभावी नहुनु, संसदीय समितिहरूले यथेष्ट गृहकार्य र प्रमाणको अभावमै आफैं कार्यपालिकाझैं सरकारी कामकारवाहीलाई रोक वा गरको शैलीमा आदेश, निर्देश गर्नु, सरकारलाई दिइएका निर्देशहरू कार्यान्वयन नहुनु, कार्यान्वयन गर्न नसकिएका विषयलाई कठिनाइसहितको प्रस्तावमा समितिमा पुनः छलफल गर्ने, गराउने र भएका निर्देशलाई परिमार्जित तुल्याउने भन्दा निर्देशको विरोधमा सम्मानित अदालत पुग्ने सम्बन्धित मन्त्रीको धारणाजस्ता कतिपय विषयहरूले सरकार र समितिको क्रियाकलापलाई संसदीय मूल्य, मान्यता र नियमावलीअनुरूप हुन नसकेको भन्ने आम टिप्पणीतर्फ सम्बन्धित पदाधिकारीको गहन ध्यान जानुपर्ने देखिन्छ । अन्यथा आफू शासित हुन जनता र राजनीतिज्ञहरूको बीचमा गरिएको अलिखित सम्झौताअनुरूप निर्वाचित आफ्ना आस्था र विश्वासको धरोहरको रूपमा रहेका प्रतिनिधिहरूप्रति निराशा र कुण्ठासहित अन्य विकल्पको मार्ग खोज्न मतदाताहरू वाध्य हुन सक्ने परिस्थिति नआउला भनी भन्न सक्ने अवस्था देखिँदैन ।

सरकारलाई संसदप्रति बढी उत्तरदायी र जवाफदेही तुल्याउँदै जनताको आकाङ्क्षा र मुलुकको आवश्यकताअनुरूपको कामकारवाही सञ्चालन भएको छ वा छैन भन्ने विषयमा मन्त्री र प्रधानमन्त्रीलाई व्यक्तिगत र सामूहिक रूपमा संसदप्रति उत्तरदायी बनाउन, सरकारका कामकारवाहीका विषयमा निगरानी गर्न संसदीय समिति र संसदमा विभिन्न प्रस्ताव, प्रश्नोत्तर जस्ता कार्यक्रमहरू नियमावलीमा व्यवस्था गरिएको छ । यद्यपि यी प्रावधान र कार्यान्वयनको अवस्थाका बीच खाडल देखिएको छ । त्यसैगरी भइरहेका विषयगत समितिको कामकारवाहीलाई बढी प्रभावी र क्रियाशील तुल्याउनुको सट्टा कुनै घटना वा परिघटनालाई लिएर विशेष समिति तर्जुमा गर्ने कार्यबाट जुन समितिको कार्यक्षेत्रभित्रको विषयमा उब्जेको समस्या हो, उक्त समितिले सो विषयमा काम नगर्दै वा गर्न नदिई अर्कै अस्थायी/ विशेष समिति निर्माण गरी कार्य गराउँदा सम्बन्धित समितिमा निरासाबोधका साथ आत्महीनता पैदा हुन्छ भने विशेष समितिको कार्य सम्पादन सम्पन्न भइसकेपछि गर्नुपर्ने अनुगमन र मूल्याङ्कनमा चासो रहँदैन, जसले गर्दा अभिलेखीकरण र संस्थागत सुदृढीकरणमा समेत नकारात्मक प्रभाव पर्दछ । यसतर्फ संसदका पदाधिकारीहरूसहित सांसद र सचिवालय सचेत रहनु पर्दछ । यस्ता आकस्मिक विषयमा विशेष समितिजस्ता अस्थायी संयन्त्र खडा गर्नुभन्दा सम्बन्धित विषयगत समितिलाई स्थलगत अध्ययन, अनुसन्धान, छानविन गरी निश्चित समयसीमाभित्रै अनिवार्य रूपमा प्रतिवेदन पेश गर्न सदनले निर्देश गरेमा समितिको मर्यादा र गरिमामा अभिवृद्धि हुनुका साथै अनुगमन, मूल्याङ्कनसहितको प्रगति विवरण र अभिलेखीकरणमा सार्थक सकारात्मक प्रगति हुने देखिन्छ । यसो हुन सकेमा अनावश्यक राजश्व व्ययमा समेत नियन्त्रण हुन सक्ने देखिन्छ ।

उपरोक्त पृष्ठभूमिमा संघीय संसदका पदाधिकारी तथा सदस्यहरूले संविधान एवं नियमावली र पदीय मर्यादाअनुरूपको उत्तरदायित्व निर्वाह गर्न तथा आफ्ना कामकारवाहीमा सार्वजनिक विश्वास कायम गर्न आचारसंहिताको पालना गर्नुपर्ने प्रावधान प्रतिनिधि सभा नियमावलीको परिच्छेद २६ र राष्ट्रिय सभा नियमावलीको परिच्छेद २३ मा उल्लेख गरिएको छ । राज्यको चौथो अङ्ग सञ्चार जगतले सूक्ष्म अध्ययन, अवलोकनसहितको समीक्षा गरी व्यवहारमा सोअनुरूपको क्रियाकलाप भइरहेको छ वा छैन भन्ने विषयमा आमनेपालीलाई सुसचित तुल्याउनु पर्ने गहन उत्तरदायित्व र कर्तव्य रहेको हुन्छ । तर सो अनुरूपको कामकारवाही सम्पादन भएको छ वा छैन स्वयं राजनीतिज्ञ र सञ्चार जगतले आत्मसमीक्षा गर्नुपर्ने अवस्था भने टड्कारो रूपमा देखिएको छ । यस सन्दर्भमा सांसदले आफ्नो कर्तव्य पालनाका सिलसिलामा देहायबमोजिमको आचरणलाई व्यवहारमा उतार्न सक्नुपर्ने नियमावलीको प्रावधान रहेको देखिन्छ ।

- सभाको लक्ष्य पूर्ति गर्ने तथा सो उद्देश्यका लागि सम्बन्धित नियमावलीको पूर्ण पालना गर्ने,
- सदैव सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्ने,

- संसदको बैठक वा आफू सदस्य भएको समितिमा उपस्थित भई यसका कामकारवाहीमा नियमित रूपमा भाग लिने तथा आफ्नो मताधिकारको प्रयोग गर्ने,
- आफ्नो कर्तव्य निस्वार्थ रूपमा इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण पालन गर्ने,
- बैठकसँग सम्बन्धित हरेक कामकारवाहीमा सदस्यहरूले सार्वजनिक उद्देश्यलाई महत्त्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व हुने स्थिति भएमा स्पष्ट रूपमा सार्वजनिक स्वार्थका लागि उभिने,
- बैठकका कुनै कामकारवाहीमा व्यक्तिगत, आर्थिक फाइदा वा शुल्क, पारिश्रमिक वा पारितोषिक लिई बोल्ने, मतदान गर्ने वा भाग लिने काम नगर्ने,
- सदस्यको हैसियतमा प्राप्त भएका गोप्य सूचना एवं जानकारी बैठकको उद्देश्यका लागि मात्र प्रयोग गर्ने र आर्थिक फाइदाका लागि यसलाई कुनै अन्य व्यक्ति वा संस्थासँग लेनदेनको विषय नबनाउने,
- सभा वा आफू सदस्य भएको समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा स्वेच्छाले सो कुराको स्पष्ट रूपमा बुझिने गरी बैठक वा समितिलाई जानकारी गराई सो विषयमा हुने छलफलमा सहभागी नहुने ।

माथिका व्यवस्था पदाधिकारी र सदस्यहरूको सार्वजनिक जीवनको सबै पक्षमा लागू हुने तर पूर्ण रूपमा व्यक्तिगत वा निजी जीवनसँग सम्बन्धित काम वा व्यवहारलाई यसले नियमित गरेको नमानिने प्रावधानबाट आचारसंहितालाई अलि बढी उदार र लचकदार बनाउन खोजिएको देखिन्छ । जसबाट अनुगमन समिति क्रियाशील रहँदा पनि यो वा त्यो वाहनामा नकारात्मक क्रियाकलाप भइरहने सम्भावनालाई भने नकार्न सकिँदैन र मिल्दैन पनि ।

संसदका सदस्यहरूले बैठकमा देहायका शर्तहरूको पालन गरी आफ्नो सहभागितालाई सक्रिय, क्रियाशील र जीवन्त तुल्याउनु पर्ने देखिन्छ । यसो हुन सकेको छ वा छैन आत्मसमीक्षाको विषयवस्तु बन्दै गएको छ भन्दा अत्युक्ति हुन सक्दैन ।

- सभाध्यक्ष बैठक कक्षमा प्रवेश हुँदा सबैले उठेर सम्मान प्रकट गर्नु पर्छ,
- सभाध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्छ,
- बैठक स्थगित भई सभाध्यक्ष सदनबाट बाहिर निस्के पछि मात्र अरु सदस्यहरूले बैठक कक्ष छोड्नुपर्छ,

- बैठकमा भाग लिने सदस्यले बोल्दा सभाध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्छ र सभाध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नुपर्छ,
- सभाध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छोड्नु हुँदैन र सभाध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नुपर्छ,
- सभाध्यक्षको आसन र बोलिरहेको सदस्यको बीचबाट हिँड्नु हुँदैन,
- कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा बैठकको मर्यादा भङ्ग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु हुँदैन,
- बैठक कक्षमा सभाध्यक्षको सामुन्नेबाट वारपार गरी हिँड्न वा सभाध्यक्षको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न हुँदैन,
- बैठकको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित विषयबाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्नु हुँदैन,
- बैठक अवधिभर बैठक कक्षमा सेलफोन बन्द गर्नु पर्दछ ।

बैठकमा हुने छलफलमा सहभागी हुने सदस्यले देहायका शर्तहरूको पालना गर्नुपर्ने हुन्छ । अन्यथा सभाध्यक्षबाट निजको सहभागितालाई बन्देज लगाउन सक्ने अधिकार रहेको पाइन्छ, । यद्यपि यस अधिकारको प्रयोग न्यून हुनु पनि संसदको मर्यादा र प्रतिष्ठासँग जोडिने विषय हो ।

- सभाध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र सभाध्यक्षले नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्ने,
- सभाध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक सभाध्यक्षको आचरणको आलोचना गर्न नहुने,
- नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरूका सम्बन्धमा न्यायनिरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सदनमा छलफल हुन नसक्ने प्रावधान देखिन्छ भने महाभियोगको प्रस्तावको छलफलमा भने न्यायाधीशको आचरणको सम्बन्धमा छलफल गर्न सक्ने व्यवस्था रहेको,
- व्यक्तिगत आक्षेप लगाउन नहुने,
- अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु नहुने,
- सदन वा सभाध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सदन वा सभाध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने,

- बोल्न पाउने अधिकारलाई सदनको कार्यमा बाधा पार्ने मनसायले दुरूपयोग गर्न नहुने,
- सदस्यले बोलेको कुरा संसदको विचाराधीन रहेको विषयसँग सम्बद्ध हुनु पर्ने,
- कुनै सदस्यले असम्बद्ध कुरा बोलिरहेमा वा आफ्नो वा अरू कसैको तर्कलाई बारम्बार दोहोऱ्याइरहेमा सभाध्यक्षले निजको व्यवहारप्रति बैठकको ध्यान आकर्षित गर्दै निजलाई बोल्न बन्द गर्न आदेश दिन सक्ने,
- सभाध्यक्षको त्यस्तो आदेश हुनासाथ सो सदस्यले बोल्न बन्द गरी आफ्नो स्थान ग्रहण गर्नुपर्ने ।

संसद सदस्यले आफ्नो कामकारवाहीहरू सही रूपमा सञ्चालन गरेका छन् वा छैनन् भन्ने व्यवस्थाको अनुगमनका लागि सभामुखको सभापतित्वमा उपसभामुख, विपक्षी दलको नेता, संसदमा प्रतिनिधित्व गर्ने दलको नेताले छनौट गरेका सदस्यमध्येबाट सभामुखद्वारा मनोनीत बढीमा नौजना सदस्य र राष्ट्रिय सभाको अध्यक्षको सभापतित्वमा उपाध्यक्ष उपसभापति, सत्ता पक्षको नेता, अध्यक्षबाट दलीय आधारमा प्रतिनिधित्व हुने गरी मनोनीत बढीमा चारजना सदस्य र दुवै समितिमा संघीय संसदको महासचिव 'सचिव' रहने गरी दुवै सदनको नियमावलीमा आचरण अनुगमन समिति गठन गर्ने प्रावधान छ । तर संसद गठन भएको करिव तीन वर्षसम्ममा पनि उक्त समिति गठन नहुँदा संसदीय मूल्य, मान्यतासहित आचरणमा प्रभाव पर्न जाने देखिन्छ । नियमावलीका उल्लेखित प्रावधान कार्यान्वन नहुँदा संसदीय मूल्य, मान्यता पनि खस्कन सक्ने खतरा रहन सक्छ ।

उल्लिखित प्रवधानहरूको मूल्याङ्कन गर्दा आचरण समिति बढी सशक्त र महत्त्वपूर्ण हुनुपर्नेमा बैठक र छलफलमा सहभागी हुने सदस्यले पालन गर्नुपर्ने प्रावधान सहित छलफलमा बोल्ने क्रमलगायत नियमावलीका कतिपय प्रावधानको उल्लङ्घनलाई आचरणसँग सहकार्य नगराई देहायका काम, कर्तव्य र अधिकारबमोजिमको कार्य सम्पादन गर्नेसम्मको मात्र प्रावधान समेटिनुले उक्त समितिको महत्त्व र गरिमामा आवश्यक ध्यान नपुगेको महशुस हुन गएको छ ।

- कुनै सदस्यले नियममा उल्लिखित आचार संहिताको उल्लङ्घन गरेको भनी सार्वजनिक रूपमा उठेका प्रश्न वा कसैले समिति समक्ष दिएको सूचनाको आधारमा आवश्यक छानविनको कार्य प्रारम्भ गर्ने,
- आचरणका सम्बन्धमा उठेका प्रश्नहरूको सम्बन्धमा सम्बन्धित सदस्य तथा अन्य व्यक्तिहरूसँग आवश्यक जानकारी लिने,
- आचरणका सम्बन्धमा प्रश्न उठाउने व्यक्ति, संस्था वा सञ्चार माध्यमसँग आवश्यक जानकारी लिने,

- सदस्यहरूको आचरणका सम्बन्धमा उठेका प्रश्नहरूको विषयमा छानविन गर्दा सङ्कलित तथ्यबाट सम्बन्धित सदस्यले आचरणको उल्लङ्घन गरेको देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा स्पष्ट निर्णय गरी सोको प्रतिवेदन सदनमा पेश गर्ने ।

आचरण अनुगमन समितिले आवश्यकताअनुसार विशेषज्ञसहितको उपसमिति गठन गर्न सक्ने र कुनै सदस्य उपर आचरण उल्लङ्घनमा छानविन प्रारम्भ गरिएकोमा आवश्यक सहयोग गर्नु प्रत्येक सदस्यको कर्तव्य रहेको छ भने त्यसरी नै सम्बन्धित सदस्यलाई आचरण अनुगमन समितिले आफ्नो कुरा भन्न पाउने मनासिब मौका प्रदान गर्ने नियमावलीको प्रावधानले सन्तुलन र नियन्त्रण समेतको राम्रो व्यवस्था गरेको छ भन्न सक्ने अवस्था रहेको देखिन्छ । त्यसैगरी सो सम्बन्धमा सदनमा पेश हुने प्रतिवेदनलाई अभिलेखसम्म मात्र राखे, कुनै कारवाही नहुने व्यवस्थाले भने आगामी निर्वाचनमा आफ्ना प्रतिनिधिहरूलाई सम्पादित कामकारवाहीको मूल्याङ्कनका आधारमा प्रोत्साहन गर्ने नगर्ने जिम्मा स्वयं मतदातालाई नै सुम्पई सर्वाधिकार सम्पन्न तुल्याउन खोजेको देखिन्छ । तथापि घटनालाई तत्काल मात्र कडा रूपमा हेर्ने हाम्रो मनोवृत्तिगत समस्याले आचरण अनुगमन समितिको कामकारवाहीलाई संसदीय मूल्य मान्यता अभिवृद्धि वा बढोत्तरी गर्ने तरिकाबाट पुनरावलोकन गर्न वाञ्छनीय देखिन्छ ।

सरकार र संसदको सैद्धान्तिक मूल्य, मान्यता र नैतिकताको कसीमा कसरी यी दुवै निकाय कमजोर रहे भन्ने कुरालाई कोभिड-१९ को महामारीको सम्बन्धमा देखिएका केही परिघटनाले पुष्टि गरेको छ । कोभिड-१९ को महामारीको अवस्थामा सरकारी संयन्त्रबीच देखा परेको सहकार्य, समन्वय र आपसी सहयोगको अभावले सरकार र संसदको काम गर्ने तौरतरिकाका विषयमा आमजनतामा नकारात्मक सोचले प्रश्रय पाइरहेको देखिन्छ । कोभिड-१९ को रोकथाम र उपचारका लागि संसदले सरकारलाई सही मार्गनिर्देश, नियन्त्रण र सुशासनयुक्त प्रशासन सञ्चालनमा टेवा पुऱ्याउन नसकेको टिप्पणीलाई आत्मसात गर्नुपर्ने अवस्था छ । कोभिड-१९ का कारणले कुनै पनि स्थानमा भिडभाड नगर्ने, अत्यावश्यक कामका सन्दर्भमा मात्र घर बाहिर निस्कने र निस्कनै परे पनि एस.एम.एस. (सोसल डिस्टान्स, माक्स र सेनिटाइजर) को पूर्ण कार्यान्वयन गर्ने, प्रमुख चाडवाड पनि जो जहाँ जस्तो अवस्थामा रहेका छौं त्यहीबाट मनाउने र शुभ आशिर्वादसमेत भर्चूअल माध्यमबाट लिन अपिल गर्ने तर राष्ट्रिय परिचयपत्र लिन निश्चित समायावधि तोकी निश्चित स्थानमा नागरिकलाई सहभागी हुन आह्वान गर्नुले र २५ जनाभन्दा कमको उपस्थितिमा भौतिक दूरी कायम गरी मास्क र सानेटाइजरको प्रयोग गरी बैठक बस्न अनुमति दिने, बैठक बस्ने तर राज्यका अति महत्त्वपूर्ण पदाधिकारीहरू सांसदसहितको बृहत सङ्ख्याको उपस्थितिमा, उपस्थित हुन निर्देश भव्य कार्यक्रम आफैं सञ्चालन गर्नुले विरोधाभाषपूर्ण अवस्था देखिएको र निर्णयकर्ता आफ्नै निर्णयमा प्रतिबद्ध नभएको

देखिन्छ । यस्ता विषयमा समेत सरकार, संसद र संसदीय समितिको ध्यान पुग्न सकेको देखिँदैन । यस्तोमा संसद एवं संसदीय समितिको अनुगमन, निगरानी र उचित निर्देश र नियन्त्रणमा सक्रियता हुनुपर्नेमा सो हुन नसकिरहेको देखिन्छ ।

कोरोना महामारीको समयमा संविधान प्रदत्त नागरिक अधिकारहरूप्रति संसद एवं समितिहरू अझ बढी संवेदनशील हुनुपर्नेमा नागरिकहरूले सर्वोच्च विधायिकी अङ्गको चासो र सरोकार अनुभूत गर्न सकेको देखिँदैन । सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयनमा समेत गम्भीरता र तत्परताको अभाव देखिन्छ । यसले सुशासनका साथै संसदीय मूल्य, मान्यतामा चुनौतीसमेत सिर्जना गरेको देखिन्छ । यस्ता घटना विशेषलाई आम नेपालीले कसरी मूल्याङ्कन गरेका छन् जनप्रतिनिधिहरू स्वयंले परीक्षण, मूल्याङ्कन गर्नुपर्ने विषय हो । महामारीको जटिलताको निकास संसद र सरकारले निकाल्नुपर्ने हो । यो विषय संसद र सरकारप्रति नागरिकले गर्ने परीक्षणको विषय पनि हो । जसको मापन व्यवहारतः कार्यान्वयनबाट आम नागरिकले महशुस गर्न चाहेका छन् । त्यसैगरी जनप्रतिनिधिहरूले चाडपर्व खर्च उचित भएर नै प्राप्त गरेको हुनुपर्ने हो विलासिता र अनावश्यक खर्च गर्न पक्कै नहुनु पर्ने हो तर जनप्रतिक्रियाका आधारमा जनताबाट प्राप्त प्रतिक्रियाको आधारमा सचिवालय र सरकारी निर्णयलाई दोष दिँदै राज्यकोषमा फिर्ता गर्ने कार्यले सम्बन्धितको निर्णय क्षमता र सम्वेदनशीलता उजागर गरेको छ । यस्ता विषयहरूमा सरकार, संसद कसैको पनि यथोचित ध्यान जान सकेको देखिँदैन ।

अन्त्यमा, शक्ति विश्वास हो । यसको प्रयोगमा जवाफदेही र उत्तरदायी भई जनताको लागि जनताबाटै आएका हामी सदैव जनताकै लागि हुनेछौं भन्ने भावनाका साथ कार्यसम्पादन गर्दा संसद, सांसद र सरकारप्रतिको आस्था र विश्वासमा अभिवृद्धि हुँदै संसदको गरिमा र मर्यादा उच्च हुन जाने कुरामा दुईमत हुनै सक्दैन । तसर्थ, यसतर्फ कार्यपालिका र व्यवस्थापिकाले सघन ध्यान दिई संसदीय मूल्य, मान्यता र आचरणलाई अभिवृद्धि गर्न सरकार, सांसद, संसद र सचिवालयको समन्वयात्मक, सहयोगात्मक, आपसी आस्था र विश्वासका साथ सहकार्य गर्नुपर्ने आजको आवश्यकतालाई सम्बन्धित सबैले आत्मसात गर्नुपर्ने अवस्था देखिन्छ ।

■■■